जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २३६ २०८२ साल चैत्र ०८ गते, आईतबार Sunday, Mar.– 22 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## नतिजा लुकाएर लाइसेन्स बाँडियो? बिरगञ्ज यातायात प्रमुख साह विवादमा

***संवाहक सम्वादाता-७चैत्र, कलैया***

यातायात व्यवस्था कार्यालय बिरगञ्जमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरणमा व्यापक अनियमितता र ‘सेटिङ’ को खेल भएको आरोप थप गम्भीर बन्दै गएको छ। लिखित तथा ट्रायल परीक्षा सकिएको तीन दिन बितिसक्दा पनि नतिजा सार्वजनिक नगरिनुले कार्यालय प्रमुख कुशेश्वर साहमाथि शंका झनै गहिरिएको छ।

सेवाग्राही र स्थानीय स्रोतका अनुसार, ट्रायल सकिएलगत्तै ट्राफिक प्रहरी र ट्रायल प्रमुखको टोलीबाट पास-फेलको नतिजा तत्कालै टुंगिने प्रावधान भए पनि कार्यालयले नतिजा लुकाउँदै आएको छ। यही ढिलाइलाई आधार बनाएर बिचौलियामार्फत ठूलो रकम असुली गर्दै ‘फेल’ भएकालाई समेत ‘पास’ सूचीमा राख्ने गरिएको आरोप छ।

एक कर्मचारीका अनुसार, “ट्रायलमा सहभागी नै नभएका वा असफल भएका व्यक्तिलाई पनि रकमको आधारमा पास गराउने रेकर्ड मिलाउने काम भइरहेको छ।” स्रोतका अनुसार मोटरसाइकलका




लागि १० हजारदेखि हेभी सवारीका लागि ७०-८० हजार रुपैयाँसम्म असुली हुने गरेको दाबी गरिएको छ।

सेवाग्राहीहरू भन्छन्– “बिना रकम पास हुनै सक्दैन, प्रक्रिया नै पैसा केन्द्रित छ।” यसले वास्तविक योग्य चालकलाई अन्याय भएको मात्र नभई अयोग्य चालक सडकमा निस्कँदा दुर्घटनाको जोखिमसमेत बढेको उनीहरूको गुनासो छ।

अर्कोतर्फ, ट्राफिक प्रहरीकै मिलेमतोमा यस्तो अनियमितता भइरहेको आरोपले सुरक्षा निकायको भूमिकामाथि पनि प्रश्न उठाएको छ। एकातिर सवारी चेकजाँचका नाममा जरिवाना काट्ने र सडक सुरक्षा कडाइ गर्ने, अर्कोतिर पैसाका आधारमा लाइसेन्स वितरण गर्ने कार्यले “ज्यानको सौदाबाजी” भइरहेको स्थानीयको टिप्पणी छ।

यस्तै, अन्य जिल्लाका सेवाग्राहीसमेत बिरगञ्जमा लाइसेन्स बनाउन आउन थालेको

बाँकी चौथो पृष्ठमा

## श्रीराम चिनिमिल्स सञ्चालनको माग चर्कियो, किसान र स्थानीयको दबाब बढ्दो

***संवाहक सम्वादाता-७चैत्र, कलैया***

लामो समयदेखि बन्द अवस्थामा रहेको श्रीराम चिनिमिल्स पुनः सञ्चालनको माग तीव्र बनेको छ। स्थानीय किसान, मजदुर, व्यवसायी तथा युवाहरूले उद्योगलाई तत्काल सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन्। गौर-गरुडा औद्योगिक क्षेत्र आसपास करिब ६० देखि १०० बिघा क्षेत्रफलमा फैलिएको उक्त चिनिमिल एक समय रौतहटका हजारौं उखु किसानको मुख्य आम्दानीको स्रोत थियो। मिल बन्द भएपछि किसानले उत्पादन गरेको उखुले बजार नपाउने, उचित मूल्य नपाउने र ऋणको बोझ बढ्ने समस्या देखिएको छ। मिलसँग जोडिएका सयौं मजदुर रोजगारीविहीन भएका छन् भने स्थानीय व्यापार-व्यवसायमा पनि प्रत्यक्ष असर परेको छ।



उखु उत्पादक संघका अध्यक्ष अशोक यादवसहित किसान नेताहरूले मिल सञ्चालनमा ढिलाइ हुनु राज्यको गम्भीर बेवास्ता भएको बताएका छन्। उनीहरूले मिल सञ्चालन नभएसम्म किसानको आयस्रोत सुरक्षित नहुने बताएका छन्।

विगतका निर्वाचनहरूमा चिनिमिल सञ्चालन प्रमुख राजनीतिक एजेन्डा बने पनि कार्यान्वयन हुन सकेको छैन। यसले जनतामा राजनीतिक प्रतिबद्धताप्रति अविश्वास बढाएको स्थानीयको भनाइ छ।

मिल २०६० दशकपछि आर्थिक संकट, व्यवस्थापन कमजोरी र ऋणभारका कारण क्रमशः बन्द भएको बताइन्छ। तत्कालीन सञ्चालक पक्षले कच्चा पदार्थ अभाव, किसानसँग मूल्य विवाद, जिर्ण उपकरण र उच्च उत्पादन लागतलाई कारण देखाएको थियो। तर स्थानीय किसान र सरोकारवालाहरूले मिल बन्द गर्नुको

बाँकी तेस्रो पृष्ठमा

## नयाँ सरकार र पुरानो व्यवस्थाको चुनौती: नागरिकको अपेक्षा र सुशासनको बाटो

***“नयाँ राजनीतिक म्यानडेटले आशा जगाएको छ, तर पुरानै प्रशासनिक ढाँचा, बिचौलिया प्रभुत्व र ढिलासुस्तीले जनतालाई अझै पिरोलिरहेको छ। अब चुनौती केवल सरकार गठन होइन, व्यवहारमा पारदर्शिता र सुशासन देखाउनु हो, नभए आशामा तुसारापात हुने निश्चित छ।“***



लेखक: पन्नालाल दास

हालै सम्पन्न निर्वाचनले देशमा नयाँ राजनीतिक युगको ढोका खोलेको छ। दुई तिहाई बहुमतसहितको सरकार गठनले जनतामा परिवर्तन र सुधारको ठूलो अपेक्षा जगाएको छ। तर, व्यवहारिक रूपमा, पुरानो प्रशासनिक संरचना र कार्यशैली अझै कायम छन्। निर्वाचित सांसदहरूको शपथमा विलम्ब, नयाँ सरकार गठनमा ढिलाइ, र कार्यालयहरूको पुरानै ढाँचाले जनतालाई तत्काल सुविधा नपाएको अनुभव दिलाएको छ।

सरकारी सेवा प्रवाहका विभिन्न निकायमा नागरिकको प्रत्यक्ष पहुँच अझै कठिनाइपूर्ण छ। मालपोत, भुमिसुधार, प्रहरी प्रशासन जस्ता संस्थामा बिचौलियाको प्रभुत्व र फाईल ढिलाइ सामान्य समस्या बनेको छ। नागरिकले घुस वा व्यक्तिगत सम्पर्कबिना सहज सेवा पाउन कठिनाई भोगिरहेका छन्। ढिलासुस्ती, आलटाल प्रक्रिया र कर्मचारीको अस्थायी उदासीनताले सेवा प्रणालीमा विश्वास घटाएको छ। प्रहरी प्रशासनमा भने स्थिति अझ संवेदनशील छ। बर्दीको डाक, डर र त्रासले नागरिकमा सुरक्षा अनुभवभन्दा डरको अनुभूति बढाएको देखिन्छ। प्रहरी कार्यालयमा पहुँच नभएका सामान्य नागरिकहरू सेवा माग्दा पनि निमुखाको सहज पहुँच पाउन सक्दैनन्। यसले जनताको न्यायमा भरोसा कमजोर बनाएको छ।

स्थानिय तहको प्रशासन पनि स्थिर छैन। मेयर र हाकिमको व्यक्तिगत निर्णयमा आधारित कार्यप्रणालीले फाईल प्रक्रिया ढिलासुस्ति, असंगठित र अनियमित बनेको छ। सीमाना क्षेत्रमा बढ्दो तस्करी, कलाबजारी र नियन्त्रणमा नसक्ने अवस्था प्रशासनिक कमजोरी र निगरानी प्रणालीको अभाव स्पष्ट देखाउँछ। कतिपय कार्यालय र सुरक्षा प्रमुखहरूले आफूलाई ‘राज’ ठानेर व्यक्तिगत लाभ कमाउने गतिविधिमा व्यस्त हुनु विडम्बना हो।

नागरिकको दृष्टिमा, यस्ता चुनौतीहरूले नयाँ सरकारको प्रतीक्षा गर्ने आशालाई निराशा र शंका बनाएको छ। उनीहरू अपेक्षा गर्छन् कि नयाँ सरकारले भ्रष्टाचार, ढिलाइ र बिचौलियाको प्रभुत्व समाप्त गर्दै सेवा प्रवाहलाई पारदर्शी, सरल र पहुँचयोग्य बनाओस्। विशेषज्ञहरूको विचारमा, सुधारका लागि केवल नयाँ कानून वा आदेश पर्याप्त छैन। प्रशासनिक ईमान्दारी, कर्तव्यबोध र कार्यप्रणालीमा पारदर्शिता अपरिहार्य छ। तस्करी नियन्त्रण, फाईल प्रक्रिया छिटो गर्नु, नागरिकको प्रत्यक्ष पहुँच सुनिश्चित गर्नु र सुरक्षा निकायको कार्यशैलीमा सुधार ल्याउनु प्रमुख चुनौती बन्नेछन्। राजनीतिक स्थायित्व, स्पष्ट नीति र सक्षम कार्यान्वयनले मात्र सरकारी प्रणालीलाई जनतामुखी बनाउन सक्छ। नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पर्ने निर्णयहरू छिटो र न्यायसंगत हुनुपर्छ। यदि सुधार प्रभावकारी भएन भने, नयाँ सरकारको क्षमता र जनताको आशा बीचको अन्तर झन् बढ्ने सम्भावना छ। सिंघासनमा नयाँ सरकार बस्दा पनि

बाँकी तेस्रो पृष्ठमा

## राजनीतिक सहभागिता महँगिँदै, कमजोर वर्गका लागि चुनौती थपिँदो

***कैलाश दास,जनकपुरधाम, ७ चैत***

बदलिँदो राजनीतिक परिवेशसँगै निर्वाचनमा सहभागिता र उम्मेदवारहरूको खर्च उल्लेख्य रूपमा बढ्दै गएको निष्कर्ष सरोकारवालाहरूले निकालेका छन्। जनकपुरधाम मा आयोजित एक कार्यक्रममा वक्ताहरूले वर्तमान राजनीतिक संरचनामा आर्थिक रूपमा कमजोर, दलित तथा विपन्न समुदायका व्यक्तिहरूको पहुँच झन् कठिन बन्दै गएको बताएका छन्।

दलित सरोकार मञ्चद्वारा आयोजित ‘राजनीतिक सहभागितामा बढ्दो आर्थिक भार’ विषयक अन्तरक्रियामा सहभागीहरूले विगतको राजनीति सेवा र विकासमुखी रहे पनि अहिले आर्थिक शक्ति केन्द्रित हुँदै गएको धारणा राखे। उनीहरूका अनुसार



निर्वाचन जित्न मात्र होइन, पार्टीभित्र टिक्नसमेत ठूलो आर्थिक स्रोत आवश्यक पर्ने अवस्था सिर्जना भएको छ।

धनुषा क्षेत्र नं. ४ का पूर्व प्रतिनिधिसभा उम्मेदवार कृष्णचन्द्र साह ले पार्टीभित्र टिकट वितरणमै आर्थिक प्रभाव हाबी भएको आरोप लगाए। उनका अनुसार लगानी गर्न सक्ने र निर्वाचन खर्च धान्न सक्ने व्यक्तिलाई प्राथमिकता दिने प्रवृत्ति बढ्दो छ। उनले निर्वाचन

बाँकी तेस्रो पृष्ठमा

## नेपालभर ईद–उल–फित्र पर्वको उल्लास: बारा र मधेसका जिल्लामा हर्षोल्लास

***संवाहक सम्वादाता-७चैत्र, कलैया***

इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद-उल-फित्र शनिबार बारा सहित देशभर हर्षोल्लासका साथ मनाएका छन्।। रमजान महिनाभर रोजा (उपवास) पूरा गरेपछि आउँने यस पर्वलाई मुस्लिम समुदायले धार्मिक र सामाजिक महत्वका साथ मनाउने धार्मिक परमपरा रहिआएको छ।

अन्तिम शुक्रबारको जुमाको नमाजपछि पर्वको औपचारिक सुरुवात भएको थियो। शनिबार बिहानै मस्जिद तथा ईदगाहमा विशेष नमाज अदा गरी धर्मावलम्बीहरूले अल्लाहसँग




शान्ति, सुख, समृद्धि र सम्पूर्ण विश्वमा अमनचैनको कामना गर्दै दोवा (प्रार्थना) गरेका थिए।

पर्वको अवसरमा एकअर्कासँग अँगालो हाल्दै “ईद मुबारक” भन्ने परम्परा पालन गरिएको थियो। घर-

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......


## सीमा तस्करी : "सेटिङ"को छायाँमा कमजोर राज्य संयन्त्र

बारा-भारत सीमामा हालै भएको फर्सीको बीउ बरामद प्रकरण कुनै सामान्य अपराधको घटना मात्र होइन, यो राज्य संयन्त्रभित्रको कमजोरी, सीमावर्ती व्यवस्थापनको असफलता र सम्भावित "सेटिङ" संस्कृतिको गम्भीर संकेत हो। करिब ६० लाख रुपैयाँ बराबरको बीउसहित ट्रक नियन्त्रणमा लिइनु र दुई जनाको पक्राउले सतहमा देखिएको एउटा घटना मात्र हो–तर यसको गहिराइमा वर्षौंदेखि मौलाउँदै आएको संगठित तस्करी सञ्जालको जरा फैलिएको देखिन्छ। खुला सीमाको सुविधा नेपाल-भारत सम्बन्धको विशिष्टता हो, तर यही सहज आवागमनलाई दुरुपयोग गर्दै तस्करी सञ्जालले राज्यलाई चुनौती दिइरहेको छ। मोटरसाइकलको लहर बनाएर दिनदहाडै सामान ओसार पसार हुनु, गोदाममा भण्डारण गरी विभिन्न सवारीमार्फत भित्री जिल्लासम्म पुऱ्याउनु, र कतिपय अवस्थामा सुरक्षाकर्मीको आँखै अगाडि यस्तो गतिविधि हुनु–यी सबै तथ्यले प्रश्न उठाउँछः के यो केवल कमजोरी हो, वा नियोजित बेवास्ता?

झन् गम्भीर कुरा, स्थानीयस्तरबाट उठिरहेको "सेटिङ" को आरोप हो। यदि तस्कर र सुरक्षा निकायबीच साँठगाँठ छ भने त्यो केवल भ्रष्टाचारको विषय मात्र होइन, राज्यको विश्वसनीयतामाथिको प्रत्यक्ष प्रहार हो। सीमामा खटिएका निकायहरूबीच समन्वयको अभाव, निगरानी प्रणालीको कमजोरी, र आन्तरिक अनुशासनहीनताले तस्करीलाई झन् प्रोत्साहन दिएको देखिन्छ।

राजस्वमा भइरहेको क्षति त एउटा पक्ष मात्र हो; यसले राष्ट्रिय अर्थतन्त्र, वैध व्यापार र स्थानीय सुरक्षामा समेत नकारात्मक असर पार्छ। अवैध व्यापारले बजार प्रणालीलाई विकृत बनाउँछ, इमान्दार व्यवसायीलाई हतोत्साहित गर्छ र अन्ततः राज्यप्रतिको नागरिकको विश्वास कमजोर बनाउँछ। यस सन्दर्भमा, पछिल्लो कारबाहीलाई उपलब्धि मानेर आत्मसन्तुष्ट हुने अवस्था छैन। बरु यसलाई एउटा चेतावनीको रूपमा लिनु आवश्यक छ। अबको बाटो स्पष्ट छ–सीमामा प्रविधिमैत्री निगरानी, सुरक्षाकर्मीको कडा जवाफदेहिता, शंकास्पद गतिविधिमा तत्काल छानबिन, र "सेटिङ" जस्तो आरोपमाथि निष्पक्ष अनुसन्धान। यदि राज्यले अब पनि यस्ता संकेतलाई गम्भीरतापूर्वक लिएन भने तस्करी सञ्जाल अझ संस्थागत बन्दै जानेछ। र त्यो अवस्थामा, सीमा केवल भौगोलिक रेखा मात्र होइन, राज्यको नियन्त्रण बाहिरको क्षेत्र बन्ने जोखिम रहन्छ।

# सत्ताको सार र प्रतिपक्ष



सत्ता र प्रतिपक्षबिचको टकरावले राज्यमा अराजकता र जनतामा निराशा बढाउने काम भए इतिहासले कसैलाई पनि क्षमा गर्ने छैन। राजनीतिक दलहरूले आआफ्नो 'सत्त' (सार) र 'सत्ता' (शक्ति) बिच सामञ्जस्य कायम गर्दै राष्ट्र र जनताप्रति इमानदार रहनु पर्छ। यही नै सच्चा लोकतन्त्रको परिभाषा हुने छ।



नन्दु उप्रेती

"सत्ता बहुमतका लागि, सदन प्रतिपक्षका लागि"- यो संसदीय उक्तिले प्रजातान्त्रिक प्रणालीको गतिशील सन्तुलनलाई इङ्गित गर्छ। २०८२ साल फागुन २१ गते सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ सिट प्राप्त गरेपछि नेपाली राजनीति एउटा नयाँ मोडमा आइपुगेको छ। निर्वाचनपश्चात् सङ्ख्यात्मक रूपमा अन्य दलहरू कमजोर देखिए, तर लोकतन्त्रको जग नै प्रतिपक्षको बलियो उपस्थितिमा टिकेको हुन्छ। त्यो बलियो उपस्थिति भनेको सङ्ख्याको गणना मात्र होइन। प्रतिपक्षको महत्व सङ्ख्यामा मात्र नभई बौद्धिक, तार्किक, वैचारिक, समयसापेक्ष, जनहितकारी र राष्ट्रहितकारी क्षमतामा निहित हुन्छ।

रास्वपाको उदय नेपाली राजनीतिमा नयाँ प्रयोगको रूपमा आएको छ। यो पार्टी वैचारिक, सैद्धान्तिक र राजनीतिक दृष्टिकोणले सुसज्जित हुनुभन्दा पनि व्यक्तिगत स्वतन्त्रताबाट प्रभावित र विकसित देखिन्छ। यसको संसदीय दलमा राजनीतिक पृष्ठभूमिभन्दा अन्य क्षेत्रको पृष्ठभूमि भएका व्यक्तिहरूको बाहुल्यता छ र केही व्यक्ति अन्य पार्टीबाट पनि आएका छन्। एकरूपतापरक समायोजनमा तालमेल मिलाउन नसके यो पनि समस्याका रूपमा देखा पर्न सक्छ।

रास्वपाको आगामी सरकारमाथि सबैभन्दा ठुलो चुनौती भनेको जनताका हिमालभन्दा अग्ला महत्वाकाङ्क्षालाई सम्बोधन गर्नु हो। चुनावी घोषणापत्रमा सुशासन, विकास, रोजगारी, भ्रष्टाचार नियन्त्रणका वाचा तत्काल कार्यान्वयन गर्नुपर्ने दबाब हुने छ। राज्य सञ्चालनको पूर्वअनुभव नभएको यो पार्टीले सङ्घीय संसद्को जटिल प्रक्रिया, अन्तर्राष्ट्रिय सम्बन्धको कूटनीति, र संवैधानिक अङ्गको सन्तुलन कायम राख्नुपर्ने चुनौती सामना गर्नुपर्ने छ।

प्रतिपक्षमा रहने मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नवउदयी श्रम संस्कृति पार्टी विचार र सिद्धान्तबाट निर्देशित छन्। समाजवादी सिद्धान्त अवलम्बन गर्ने लोकतान्त्रिक राजनीतिक पार्टी नेपाली कांग्रेस मानव अधिकार र उदारवादी लोकतन्त्रप्रतिको पक्षधरता प्रकट गर्छ। नेकपा एमाले जनताको बहुदलीय जनवादलाई मार्गनिर्देशक सिद्धान्त मान्छ भने उसले तय गरेको बाटो समाजवाद उन्मुख परिवर्तन र वैज्ञानिक समाजवादको सिद्धान्तमा आधारित छ। नेपाली कम्युनिस्ट पार्टीले अँगालेको सिद्धान्तलाई २१ औँ शताब्दीको जनवाद भनेको छ। राप्रपा संवैधानिक राजतन्त्र, हिन्दु राष्ट्र, राष्ट्रवाद र सांस्कृतिक संरक्षणको एजेन्डा लिएर हिँड्ने पार्टी हो। नवउदयी श्रम संस्कृति पार्टीले श्रमिक वर्गको मुक्ति, सांस्कृतिक रूपान्तरण र वैकल्पिक राजनीतिको सिद्धान्तलाई आफ्नो राजनीतिक सिद्धान्त भनेको छ। प्रतिपक्षी दलहरूसँग राज्य सञ्चालन र प्रतिपक्ष भूमिका निर्वाह गरेको लामो अनुभव, सैद्धान्तिक पुस्तकालय र विचारकहरूको फौज छ।

प्रतिपक्षको महत्व सङ्ख्यामा होइन, सदन र सडकमा उठाइने तर्कयुक्त, वैचारिक र समयसापेक्ष प्रश्नमा देखिनु पर्छ। प्रतिपक्षी दलहरूले सत्तपक्षले ल्याएका राम्रा कुरालाई समर्थन गर्दै, कमजोरीमा रचनात्मक आलोचना गर्नु पर्छ र गलत कामलाई रोक्न सक्नु पर्छ। सत्तापक्षले गर्न लागेका राष्ट्र र जनताका हितविपरीतका काममा अङ्कुश लगाउँदै जनतालाई समेत सचेत गराउनु पर्छ, जसका कारण प्रतिपक्षले देश र जनताका पक्षमा दिएको सन्तुलित प्रस्तुतिको प्रतिविम्ब मुलुकको सिङ्गो राजनीतिक परिदृश्यमा अङ्कित हुन सकोस्।

संसदीय लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्षको सम्बन्ध म्याराथन दौडका दुई खुट्टा जस्तै हुन्। एउटा खुट्टा मात्र अगाडि बढ्यो भने दौडिन सकिँदैन। इतिहास साक्षी छ, जब सत्तापक्षले प्रतिपक्षलाई अपमान गर्न खोज्यो, तब प्रतिरोधको अवस्था सिर्जना भयो। जब प्रतिपक्षले सत्तापक्षलाई नमान्ने अवस्था आयो, तब आवश्यक सहकार्यका मार्ग बन्द भए। जब सत्तापक्षले प्रतिपक्षलाई दबाउन खोज्यो, तब लोकतन्त्र कमजोर भयो। जब प्रतिपक्षले सत्तापक्षलाई असहयोग गऱ्यो, तब विकास निर्माण अवरुद्ध भयो। यस्ता उदाहरण हाम्रै विगत र विश्व राजनीतिमा प्रशस्त भेट्न सकिन्छ। विश्व राजनीतिमा सत्तापक्ष र प्रतिपक्षका टकरावका कारण थुप्रै दुःखद इतिहास निर्माण भएका छन् भने सन्तुलित सहकार्यले सुखद परिणाम पनि दिएका छन्।

***दुःखद घटनाका उदाहरण***

जर्मनी (१९३३) : हिटलरको नाजी पार्टीले बहुमत पाएपछि प्रतिपक्षलाई पूर्ण रूपमा दबायो। रैहस्टाग दुर्घटना (संसद्मा आगो लगाइएको) पछि जारी आपत्कालीन अध्यादेशले प्रतिपक्षी सांसदहरूलाई गिरफ्तार गरियो। परिणाममा विश्वले सबैभन्दा भयानक तानाशाही र दोस्रो विश्वयुद्धको त्रासदी भोग्नु पऱ्यो।

श्रीलङ्का (२०१०-२०१५) : राजपक्षे सरकारले दुईतिहाइ सिट पाएपछि संविधान संशोधन गरी राष्ट्रपतिको शक्ति असीमित बनायो। प्रतिपक्ष कमजोर हुँदा भ्रष्टाचार चरम उत्कर्षमा पुग्यो, अन्ततः देश आर्थिक सङ्कटमा फस्यो।

***सुखद परिणामका उदाहरण***

बेलायत : विन्स्टन चर्चिलको नेतृत्वमा गठबन्धन सरकार बन्दा लेबर पार्टीका क्लिमेन्ट रिचर्ड एट्ली उपप्रधानमन्त्री बने। यसै सहकार्यको जगमा पछि बेलायतले कल्याणकारी राज्यको निर्माण गऱ्यो।

दक्षिण अफ्रिका : रङ्गभेद अन्त्यपछि नेल्सन मण्डेलाको सरकारमा प्रतिपक्षी दलले विध्वंसात्मक भूमिका नखेली राष्ट्रनिर्माणमा सघायो।

***नेपालको सन्दर्भ***

२०१७ सालको कु : तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाको लोकतान्त्रिक सरकारलाई राजा महेन्द्रले प्रतिपक्षी दलहरू (नेपाली कांग्रेस र नेकपा) बिचको आन्तरिक कलह र अस्थिरताको बहानामा हटाएर निर्दलीय पञ्चायती व्यवस्था लागु गरे।

२०४६ सालको जनआन्दोलन : सत्ता (राजा र पञ्चायत) र प्रतिपक्ष (प्रजातान्त्रिक दलहरू) बिच कुनै संवाद नहुँदा आन्दोलन भयो। अन्ततः सहमति र सहकार्यले मात्र बहुदल पुनर्स्थापित भयो।

२०६२/६३ को जनआन्दोलन : राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा सबै राजनीतिक दल एकजुट भए। सात दलीय गठबन्धन र माओवादीबिचको १२ बुँदे सहमतिले संविधान सभा सम्भव गरायो।

२०७२ मा तत्कालीन सत्तापक्ष (एमाले-कांग्रेस गठबन्धन) र प्रतिपक्ष (माओवादी) बिचको अन्तिम समयको सहमतिले संविधान जारी गर्न सहज भयो र गणतन्त्र स्थापना भयो तर तराई-मधेश केन्द्रित दल (प्रतिपक्ष) लाई सम्बोधन गर्न नसकेको ठानिँदा लामो आन्दोलन भोग्नु पऱ्यो।

***नयाँ सरकारका चुनौती***

रास्वपा एउटा ठुलो परीक्षणको सामना गरिरहेको छ। उसले कतिपय संसदीय व्यवहार, शैली र सिप सिक्न बाँकी नै छ। विगतमा रास्वपालाई कमजोर मूल्याङ्कन गरिरहेका प्रतिपक्षी दलहरू अब संसद्को रोस्ट्रममा उभिएर कत्तिको सन्तुलित व्यवहार प्रस्तुत गर्छन्, त्यो पनि हेर्न बाँकी छ। सन्तुलित एवं प्रभावकारी प्रतिपक्षको भूमिकाका लागि कांग्रेस, एमाले, नेकपा जस्ता दलहरूले सरकारको हरेक कदमको विरोध मात्र नगरी बौद्धिकतापूर्वक नीतिगत र प्राविधिक त्रुटि औँल्याउनु पर्छ। सरकारको कामकारबाहीको निगरानी गर्न संसदीय समितिहरूलाई प्रभावकारी बनाउन सक्नु पर्छ। प्रतिपक्षले सकेसम्म सडक आन्दोलनको विकल्प खोज्दै, सदनभित्रै समस्या समाधान गर्ने प्रयास गर्नु पर्छ। सत्तापक्ष नदेख्ने र नसुन्ने भएमा मात्र सडकमा ओर्लने नीति अवलम्बन गर्नु राम्रो हुन्छ। प्रतिपक्षले राष्ट्र, जनता र न्यायका पक्षमा सदन र सडकलाई सन्तुलित ढङ्गले उपयोग गर्न आवश्यक हुन्छ। रास्वपा 'स्वतन्त्र व्यक्तिहरूको गठजोड' जस्तो देखिन्छ। यसले पार्टीभित्र आन्तरिक लोकतन्त्र कसरी स्थापित गर्छ ? नीति निर्माण गर्दा वैचारिक धरातल के हुने छ ? जस्ता प्रश्न छन्। पार्टीमा प्रवेश गरेका पूर्ववैचारिक पृष्ठभूमि भएका कार्यकर्ताले विगतको सैद्धान्तिक निष्ठा र नयाँ उदारवादी सोचबिच सन्तुलन कसरी मिलाउलान् ? लोकप्रियतावादको धरातलमा स्थापित राजनीतिक पार्टीले अब यथार्थ धरातलमा उभिन सक्ने बन्न निकै गहकिलो कसरत गर्नुपर्ने अवस्था छ। विगतको जस्तै केवल लोकप्रियताको बाटो मात्रै अवलम्बन गर्ने हो भने परिपक्व पार्टी निर्माण गर्न सकिँदैन। साथै भदौ २३ र २४ गतेका घटनाबाट पीडित राज्य र जनता दुवै पक्षलाई न्याय दिन सत्तापक्ष आग्रह पूवाग्रहको भुँवरीमा फस्नु हुँदैन।

***वैदेशिक सम्बन्ध***

नेपाल जस्तो भूराजनीतिक रूपमा संवेदनशील मुलुकलाई सत्तापक्षले देशभित्रका समस्या मात्र सम्बोधन गरेर पुग्दैन। वैदेशिक एवं कूटनीतिक क्षेत्रमा अत्यन्त सन्तुलित व्यवहार प्रस्तुत गर्नु पर्छ। भारत र चीनबिच रहेको नेपालको परराष्ट्र नीति 'सार्क' र 'बिम्स्टेक' जस्ता बहुपक्षीय मञ्चहरूमा पनि परीक्षण हुन्छ। रास्वपाको नेतृत्वले अर्थात् सत्तापक्षले अहिंसा, शान्तिपूर्ण सहअस्तित्व र पारस्परिक सम्मानमा आधारित पञ्चशीलको सिद्धान्त अवलम्बन गर्नु पर्छ। कुनै पनि अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता गर्दा राष्ट्रिय हित सर्वोपरि राख्नु पर्छ। लगानी र विकास साझेदारीका सन्दर्भमा विदेशी लगानी भित्र्याउँदा पारदर्शिता अपनाउनु पर्छ। प्रतिपक्षको भूमिका यहाँ पनि उत्तिकै महषवपूर्ण हुन्छ। यदि सरकारले कुनै कूटनीतिक भूल गरेमा प्रतिपक्षले राष्ट्रिय सुरक्षाको प्रश्नमा कडा रूपमा प्रस्तुत हुनु पर्छ।

***लोकतन्त्रको परिपक्वता***

२०८२ फागुन २१ को निर्वाचन परिणाम लोकतन्त्रका लागि एउटा विन्दु हुन सक्छ। झन्डै दुई तिहाइ सिट प्राप्त रास्वपासँग देशको नियति परिवर्तन गर्ने ऐतिहासिक अवसर छ तर ठुलो बहुमतले कहिलेकाहीँ अहङ्कार पनि जन्माउन सक्छ। इतिहासले देखाएको छ, बहुमतको घमण्ड गर्ने सरकार कतै पनि जनताको अदालतमा सफल हुन सकेका छैनन्। प्रतिपक्षी दलहरूसँग विचार र सिद्धान्तको ठुलो भण्डार छ। उनीहरूले पनि आफ्नो सीमित सङ्ख्यालाई आफैँले कमजोरी ठान्नु हुँदैन। बरु, बौद्धिक क्षमता र जनसाधारणमा रहेको आफ्नो पुरानो जनाधारलाई परिचालन गरेर सरकारलाई सही बाटोमा हिँडाउनु पर्छ। आफ्नो क्षमताले पार लगाएका कामलाई जनतासमक्ष पुऱ्याउन सक्नु पर्छ। सदनलाई प्रतिपक्षको सही आवाजले गुञ्जयमान हुने थलोका रूपमा स्थापित गर्नु पर्छ। "प्रतिपक्षको आवाज कमजोर भयो भने लोकतन्त्र पनि कमजोर हुन्छ" भन्ने उक्तिलाई प्रतिपक्षले आफ्नो कर्तव्यको मन्त्र बनाउन तत्पर मात्र होइन सक्षम हुनु पर्छ। जनताको सगरमाथाभन्दा अग्लो अपेक्षा छ। उनीहरू सडक, बिजुली, शिक्षा, स्वास्थ्य र रोजगारी मात्र चाहँदैनन्; उनीहरू आफ्नो मतको सम्मान, आफ्नो प्रतिनिधिको जवाफदेहिता, र भ्रष्टाचारमुक्त समाज चाहन्छन्।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## अमेरिकाद्वारा इरानी तेल बिक्रीका लागि ३० दिनको अस्थायी अनुमति जारी




*न्युयोर्क, चैत ७ गते ।*

अमेरिकाले हर्मुजमा जारी ढुवानी अवरोधका बिचमा आपूर्ति अभावलाई सम्बोधन गर्न ३० दिनका लागि समुद्र क्षेत्रमा इरानी तेलमा अस्थायी प्रतिबन्ध हटाउने अनुमति जारी गरेको छ ।

अमेरिकी विदेश विभागद्वारा जारी गरिएको अनुमति शुक्रबार देखि जहाजमा लोड गरिएको इरानी मूलको कच्चा तेल र पेट्रोलियम पदार्थको ओसार-पसार र बिक्रीलाई अनुमति दिएको छ । सम्बन्धित जहाजको सुरक्षित स्थानान्तरण चालक दलका सदस्यको स्वास्थ्य वा सुरक्षाको संरक्षण, आपतकालीन मर्मत र वातावरणीय संरक्षणका साथै विभिन्न सेवाका लागि पनि अनुमति दिइएको जनाइएको छ ।

अनुमतिमा लेनदेनमा संयुक्त राज्य अमेरिकामा इरानी मूलको कच्चा तेल र पेट्रोलियम उत्पादनको आयात समावेश रहेको छ । अस्थायी तथा छोटो अवधिको कडाइका साथ पारवहनमा सीमित तेलमा मात्र अनुमति दिएको उल्लेख गर्दै नयाँ खरीद वा उत्पादनलाई अनुमति नदिने अमेरिकी स्रोतले जनाएको छ ।

वासिङ्टनले यस अघि नै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको सहयोगमा आपतकालीन तेल भण्डार अतिरिक्त रूसी र भेनेजुएलाको तेलमा प्रतिबन्ध कम गरिसकेको छ । संयुक्त राज्य अमेरिका, इजरायल र इरानबिचको युद्ध तीन हप्तासम्म चलेको छ, जसले स्ट्रेट अफ हर्मुज हुँदै ढुवानीलाई गम्भीर अवरुद्ध गरेको छ ।

## दक्षिण कोरियाको कारखानामा आगलागी: १० को मृत्यु, ५९ घाइते, चार जना बेपत्ता



*डेइजोन, चैत ७ गते ।*

दक्षिण कोरियाको डेइजोनमा रहेको एक अटो पार्ट्स उत्पादन गर्ने कारखानामा शुक्रबार भएको भीषण आगलागीमा कम्तीमा १० जनाको ज्यान गएको छ भने ५९ जना घाइते भएका छन् । साथै चार जना अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन् ।

स्थानीय समय अनुसार दिउँसो करिब १:१७ बजे आगलागी हुँदा कारखानाभित्र झण्डै १७० जना कामदार कार्यरत थिए । अचानक लागेको आगो तीव्र गतिमा फैलिँदा धेरै कामदार भवनभित्रै फसेका थिए।

अग्नि नियन्त्रण अधिकारीका अनुसार पहिलो पीडित दोस्रो तलामा हृदयघातको अवस्थामा फेला परेका थिए, जसलाई अस्पताल लैजाँदै गर्दा मृत घोषणा गरिएको थियो । त्यसपछि अन्य नौ जनाको शव तेस्रो तलामा भेटिएको पुष्टि गरिएको छ, जसले आगोको प्रभाव माथिल्लो तलासम्म पुगेको सङ्केत गर्दछ । आगो नियन्त्रणमा लिन दमकल टोलीले लामो समय सङ्घर्ष गर्नु परेको थियो । प्रारम्भिक चरणमा धुवाँ र उच्च तापक्रमका कारण उद्धार कार्यमा कठिनाइ भएको थियो। पछि संरचना सुरक्षित रहेको प्राविधिक टोलीले पुष्टि गरेपछि मात्र राति ढिलो गरी उद्धारकर्मी भवनभित्र प्रवेश गर्न सकेका थिए।

हाल उद्धार टोलीले बेपत्ता चार जनाको खोजी कार्य तीव्र पारेको छ । घाइतेलाई नजिकका अस्पतालमा उपचारका लागि पठाइएको छ, जहाँ केहीको अवस्था गम्भीर रहेको बताइएको छ । अधिकारीले आगलागीको कारणबारे अनुसन्धान सुरु गरेका छन् ।

प्रारम्भिक अनुमान अनुसार औद्योगिक उपकरण वा ज्वलनशील पदार्थबाट आगो सुरु भएको हुन सक्ने आशंका गरिएको छ, तर यसको आधिकारिक पुष्टि हुन बाँकी छ । यस घटनापछि स्थानीय प्रशासनले औद्योगिक सुरक्षा मापदण्डहरू कडाइका साथ पालना गर्न निर्देशन दिएको छ भने यस्ता घटनाबाट बच्न कारखानामा सुरक्षा निरीक्षण बढाइने जनाएको छ ।

## श्रीराम ...

पछाडि योजनाबद्ध रूपमा जग्गा बेच्ने उद्देश्य रहेको आरोप लगाउँदै आएका छन्।

यसअघि मिल तथा जग्गा बचाउन स्थानीयस्तरमा आन्दोलनसमेत भएको थियो। आन्दोलनले मिलको सम्पत्ति जोगाउन भूमिका खेले पनि पुनः सञ्चालनको पहल सफल हुन सकेको छैन।

युवा नेता तथा सांसद प्रत्याशी राजकुमार दासले पनि मिल सञ्चालनलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेका छन्। उनले किसानको हितका लागि आफू निरन्तर सक्रिय रहने बताएका छन्।

हाल नयाँ सरकार गठनको तयारी भइरहेका बेला राष्ट्रिय स्वतन्त्र पार्टी प्रति जनअपेक्षा बढेको छ। स्थानीयले नयाँ नेतृत्वले चिनिमिल सञ्चालनलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।

अर्थविद्हरूका अनुसार मिल सञ्चालनमा आएमा किसानले उत्पादनको सुनिश्चित बजार पाउने, रोजगारी सिर्जना हुने र रौतहटको आर्थिक गतिविधि पुनः चलायमान हुनेछ।

स्थानीय बासिन्दाले अब आश्वासनभन्दा कार्यान्वयन चाहिएको बताएका छन्। उनीहरूले चिनिमिल सञ्चालनलाई रौतहटको आर्थिक पुनर्जीवनसँग जोडिएको मुख्य मुद्दाको रूपमा उठाएका छन्।

## राजनीतिक ...

प्रणालीलाई कम खर्चिलो बनाउन नीतिगत सुधार, प्रविधिको प्रयोग विस्तार र बाह्य प्रभाव नियन्त्रण आवश्यक रहेको बताए।

प्रदेशसभा सदस्य रुपा यादव ले पनि चुनाव जित्न ठूलो आर्थिक स्रोत अनिवार्यजस्तै भएको उल्लेख गरिन्। उनका अनुसार निर्वाचनपछि पनि जनअपेक्षा र खर्च बढ्दो हुँदा पारदर्शी र निष्पक्ष राजनीति गर्न झन् चुनौतीपूर्ण बन्दै गएको छ।

कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्रका मधेश संयोजक राजु पासमान ले पछिल्लो निर्वाचन पूर्ण रूपमा निष्पक्ष र भयरहित हुन नसकेको टिप्पणी गरे। उनले आचारसंहिता उल्लंघनका घटनामा प्रभावकारी कारबाही नहुनु चिन्ताको विषय भएको बताए।

मधेश प्रदेश नीति आयोगकी सदस्य शिला मिश्र ले जनचेतनाको कमी र कमजोर नीतिगत संरचनाले निर्वाचन प्रक्रिया महँगिँदै गएको बताइन्। उनले पारदर्शिताको अभावले राजनीतिक खर्च बढाउने प्रवृत्तिलाई अझ प्रोत्साहन दिएको धारणा राखिन्।

कार्यक्रममा प्रस्तुत 'नेपालमा राजनीतिको लागत' सम्बन्धी अध्ययनले निर्वाचन बाहेकको समयमा पनि पार्टी सञ्चालन, कार्यकर्ता व्यवस्थापन र संगठन विस्तारमा ठूलो खर्च हुने देखाएको छ। अध्ययनअनुसार उम्मेदवारले कार्यकर्ता व्यवस्थापन र मतदाताको काम गरिदिने क्षमताका आधारमा प्रतिस्पर्धामा अघि बढ्ने प्रवृत्ति बलियो बन्दै गएको छ।

कार्यक्रम भोला पासमान को अध्यक्षतामा सम्पन्न भएको थियो भने विभिन्न दलका नेता, कार्यकर्ता र सरोकारवालाहरूको उपस्थिति रहेको थियो। सहभागीहरूले समग्र निर्वाचन प्रणालीलाई पारदर्शी, सुलभ र समावेशी बनाउन ठोस सुधारको आवश्यकता औँल्याएका छन्।

## नयाँ सरकार ...

कार्यालयका कर्मचारीहरू पुरानो सोच र अभ्यासमा अडिग रहनु अर्को चुनौती हो। लामो समयदेखि चलिआएका भ्रष्टाचारका संरचना, फाईल ढिलासुस्ती, र बिचौलियाको प्रभुत्वलाई तोड्न सजिलो छैन। यसका लागि स्पष्ट निर्देशन, जवाफदेहिता र नियमित अनुगमन आवश्यक छ।

नागरिकको प्रत्यक्ष पहुँच सुनिश्चित गर्न डिजिटल प्रणाली र अनलाइन सेवा प्रवाहको दिगो अभ्यासलाई अघि बढाउन सकिन्छ। मालपोत, भूमिसुधार र अन्य प्रशासनिक कार्यालयमा सेवा प्रत्यक्ष, पारदर्शी र छिटो हुने व्यवस्था ल्याउँदा नागरिकको भरोसा बढ्नेछ।

प्रहरी प्रशासनमा सुधार ल्याउने अर्को उपाय भनेको प्रहरी सेवामा समावेशिताको सुनिश्चितता, प्रशिक्षण, पारदर्शिता र जनसुरक्षा केन्द्रित कार्यशैली हो। नागरिकले प्रहरीको छुवाछूत वा डर बिना सहयोग पाउनुपर्छ।

सुरक्षा निकाय, सीमा नियन्त्रण र बोर्डर क्षेत्रमा तस्करी नियन्त्रणलाई कडा निगरानी र समन्वय प्रणाली मार्फत सुधार्न सकिन्छ। यदि सुरक्षा प्रमुख र कर्मचारीहरूले आफ्नो जिम्मेवारी जनताको हितमा निभाए भने अपराध र तस्करी नियन्त्रणमा उल्लेखनीय सुधार आउन सक्छ।

स्थानिय प्रशासनका लागि मेयर र हाकिमले पारदर्शी निर्णय, नागरिक सहभागिता र स्थानिय आवश्यकता अनुसार नीति बनाउनुपर्ने आवश्यकता छ। फाइल प्रक्रिया छिटो र दक्ष बनाउनु, भ्रष्टाचार र बिचौलियाको प्रभुत्व हटाउनु, र योजना कार्यान्वयनमा निगरानी कायम गर्नु सुधारको आधारभूत कदम हुन्।

नागरिकले आशा गरेको परिवर्तन केवल नयाँ सरकारको घोषणामा सीमित हुनु हुँदैन। त्यसका लागि संस्थागत सुधार, प्रशासनिक क्षमता वृद्धि र सेवाप्रवाहमा प्रभावकारी सुधार अपरिहार्य छ। सरकारी कार्यालयहरूमा जवाबदेहिता, पारदर्शिता र जनतामुखी नीति कार्यान्वयनले मात्रै जनताको भरोसा पुनःस्थापना हुनेछ।

नयाँ सरकारका लागि चुनौती भनेको पुरानो प्रशासनिक जडतालाई तोड्नु र सुशासन, पारदर्शिता तथा सेवा प्रवाहमा सुधार ल्याउनु हो। यसले मात्र नागरिकको भरोसा कायम रहन्छ र लोकतान्त्रिक प्रक्रिया फलफूल हुन्छ।

समग्रमा, सुधार र सुशासन प्राप्तिका लागि राजनीतिक इच्छाशक्ति, प्रशासनिक जिम्मेवारी र जनताको सहभागिता अपरिहार्य छ। यदि यी तत्वहरू सन्तुलित रूपमा कार्यान्वित भए, नयाँ सरकारले केवल पदमा नभई जनतामा विश्वास र आशा पनि पुनःस्थापित गर्न सक्छ।

## कालो दिन ...

माग सम्बोधन नभए सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिँदै सडकदेखि सदनसम्म दबाब सिर्जना गरिने बताइन्। उनले प्रधानमन्त्री र सम्बन्धित निकायलाई ज्ञापनपत्र बुझाउने, संघर्ष समिति गठन गर्ने तथा चरणबद्ध कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिइन्। दलित अगुवा रामो महराले यो आन्दोलन कुनै व्यक्ति वा दलविरुद्ध नभई अधिकार सुनिश्चितताका लागि भएको स्पष्ट पारे। उनले प्रत्यक्ष निर्वाचन प्रणालीमा दलितका लागि आरक्षित क्षेत्रको व्यवस्था गर्नुपर्ने माग दोहोऱ्याए। कार्यक्रममा विभिन्न जिल्लाबाट आएका दलित अगुवाहरूले राज्य गम्भीर नबने अझ कडा आन्दोलन घोषणा गरिने चेतावनी दिएका छन्। उनीहरूको भनाइमा, 'कालो दिन'को यो अनुभूति अन्त्य गर्न अब ठोस नीतिगत सुधार र प्रभावकारी कार्यान्वयन अपरिहार्य बनेको छ।

## नेपालभर ...

घरमा सेवई, अन्य मिठा परिकार तयार गरी परिवार, आफन्त र छिमेकीसँग बाँडिएको छ, जसले आपसी प्रेम, सद्भाव र भाईचारालाई अझ मजबुत बनाउँछ। बारा, पर्सा, रौतहट, सिरहा लगायत तराई-मधेसका जिल्लामा स्थानीय मस्जिद र ईदगाहमा बिहानैदेखि नमाज अदा गर्न उल्लेख्य उपस्थिति देखिएका थिए बाराको कलैया जामे मस्जिद, सुवर्ण गाउँपालिका भिस्वा पशुरामपुर, मुसहर्नी इदगाह र कलैया उपमहानगरपालिका बकुलहरमा पनि पर्व हर्षोल्लासका साथ मनाइएको छ। युवा नेता परवेज आलमले पर्वले समुदायमा मेलमिलाप र सद्भाव बढाउने महत्त्वको चर्चा गरे।

ईद-उल-फित्र इस्लाम धर्मका प्रवर्तक हजरत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)को समयदेखि मनाइँदै आएको धार्मिक पर्व हो। रोजा पूरा गरेपछि अल्लाहप्रति कृतज्ञता व्यक्त गर्ने र खुशीयाली साटासाट गर्ने उद्देश्यले यसको स्थापना भएको विश्वास गरिन्छ। पर्वले त्याग, सहिष्णुता, समानता र मानवताप्रतिको दायित्वको सन्देश दिन्छ। गरिब तथा विपन्नलाई सहयोग गर्ने, आपसी द्वेष त्याग्ने र समाजमा मेलमिलाप कायम गर्ने यसको मूल मर्म मानिन्छ। यस अवसरमा सरकारले पनि शुभकामना व्यक्त गर्दै देशभर शान्ति, सहअस्तित्व र समृद्धिको कामना गरेको छ।


### जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



### जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"



महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



### जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"



करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



### जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"



जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# जातीय छुवाछुत अन्त्य गर्न कडा कदमको माग

***काठमाडौं, चैत ७ –***

दलित अधिकारकर्मी तथा अगुवाहरूले देशमा अझै कायम रहेको जातीय भेदभाव र छुवाछुत अन्त्य गर्न प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेका छन्। अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस को अवसरमा काठमाडौं स्थित माइतीघर मा आयोजित कार्यक्रममा उनीहरूले यस्तो माग अघि सारेका हुन्।




संयुक्त राजनीतिक दलित संघर्ष समितिको आयोजनामा भएको ध्यानाकर्षण सभामा वक्ताहरूले कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवहारमा जातीय विभेद अन्त्य हुन नसकेको बताएका छन्। उनीहरूका अनुसार दलित समुदाय अझै सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि पारिएको छ, जसले समावेशी समाज निर्माणमा चुनौती सिर्जना गरेको छ।

कार्यक्रममा सहभागीहरूले समान हक, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको धारणा राखे। उनीहरूले समाजवाद उन्मुख राज्य निर्माणका लागि दलित समुदायको अधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिएका छन्।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनार ले देश परिवर्तनको दिशामा अघि बढिरहेको वर्तमान अवस्थामा पछाडि परेका समुदायलाई प्राथमिकतामा राख्नुपर्ने बताए। उनले जातीय भेदभाव अन्त्यका लागि निरन्तर दबाब आवश्यक रहेको उल्लेख गर्दै आगामी दिनमा यस्तो आवाज उठाउनै नपर्ने अवस्था सिर्जना गर्न सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा "समान हक र समान अधिकारका लागि एकीकृत दलित आन्दोलन" र "समाजवादको आधार निर्माणका लागि संविधान संशोधन" जस्ता नाराहरू उठाइएको थियो। सहभागीहरूले व्यवहारमा परिवर्तन नआएसम्म कानुनी व्यवस्था मात्र पर्याप्त नहुने निष्कर्ष निकाल्दै कार्यान्वयनमा जोड दिएका छन्।

# "कालो दिन"को रूपमा पाँच वर्ष : मधेशी दलितको आक्रोश, आन्दोलनको चेतावनी

***कैलाश दास-***

जनकपुरधाम, चैत ७ – मधेशी दलित समुदायले पछिल्ला पाँच वर्षलाई 'कालो दिन'को रूपमा व्याख्या गर्दै राज्यप्रति गम्भीर असन्तुष्टि व्यक्त गरेका छन्। जनकपुरधाम मा आयोजित कार्यक्रममा सहभागीहरूले राजनीतिक सहभागिता र प्रतिनिधित्वमा निरन्तर उपेक्षा भोग्नुपरेको भन्दै अब आन्दोलनमार्फत दबाब बढाउने घोषणा गरेका छन्।



अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस को अवसरमा आयोजित उक्त कार्यक्रममा वक्ताहरूले प्रतिनिधिसभा सदस्यको हालै सम्पन्न निर्वाचनमा समानुपातिकतर्फ मधेशी दलित समुदाय पूर्ण रूपमा बाहिरिनु 'कालो दिन'को प्रत्यक्ष उदाहरण भएको बताएका छन्। उनीहरूका अनुसार संविधानले सुनिश्चित गरेको समावेशी सिद्धान्त व्यवहारमा कार्यान्वयन हुन नसक्दा समुदाय झन् पछाडि धकेलिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रका मधेश प्रदेश संयोजक राजु पासमान ले मधेशी दलितको प्रतिनिधित्व शून्य हुनु राज्य संरचनामा रहेको गम्भीर त्रुटिको संकेत भएको बताए। उनले यस्तो अवस्थालाई निरन्तर सहेर बस्न नसकिने भन्दै ऐन संशोधनमार्फत समानुपातिक प्रणालीमा छुट्टै क्लस्टर व्यवस्था गर्नुपर्ने माग गरे।

पूर्व सांसद चमेली देवी दास ले

बाँकी तेस्रो पृष्ठमा

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# खक्रौलास्थित सीमा सुरक्षा घटनामा सशस्त्र प्रहरीका कर्मचारी प्रधान कार्यालय तानिए

***६ चैत्र,गुल्मी।***

शुक्रबार दिउँसो गुल्मीको मालिका गाउँपालिका-२ दर्लिङमा परेको चट्याङले तीनजनालाई घाइते बनाएको छ भने तीनवटा बाखाको मृत्यु भएको छ।




घाइतेमध्ये ३२ वर्षकी गोमा खड्का, २८ वर्षकी निरु खड्का र २९ वर्षका विष्णु खड्का छन्। प्रहरीका अनुसार, घाइतेमध्ये एकको अवस्था गम्भीर रहेको छ। घाइतेहरूलाई तत्काल गुल्मी अस्पतालमा उपचारका लागि पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक (डीएसपी) गंगाबहादुर सारुले जानकारी दिँदै भने, "घटनास्थल वर्षा र चट्याङको समयमा खुला रहेको हुँदा स्थानीयवासीहरूलाई तत्काल सुरक्षित स्थानमा प्रवेश गर्न र सतर्क रहन सचेत गराइएको छ।"

त्यसैगरी, सोही ठाउँमा चट्याङ लाग्दा तीनवटा बाखाको मृत्यु भएको छ। स्थानीय बासिन्दाहरूका अनुसार, अचानक परेको चट्याङ र वर्षाका कारण डर र आतंक फैलिएको थियो। प्रहरीले घटना स्थलको निरीक्षण गरिसकेपछि भविष्यमा यस्ता दुर्घटनाबाट बच्न स्थानीयलाई सावधानी अपनाउन आग्रह गरेको छ।

यो घटनाले वर्षा र चट्याङको समयमा खुला ठाउँमा बस्दा जोखिम कति बढ्छ भन्ने देखाएको छ। स्थानीय प्रशासनले पनि आवश्यक चेतावनी प्रणाली र जनचेतना कार्यक्रम अघि बढाउने तयारी गरेको छ।

# बर्दिबासमा वर्षाको पानीमा डुबेर महिलाको मृत्यु

७ चैत्र,बर्दिबास, महोत्तरी – महोत्तरीको बर्दिबासमा शुक्रबार राति परेको हावाहुरीसहितको वर्षाका कारण एक महिलाको मृत्यु भएको छ। शनिबार बिहान बर्दिबास नगरपालिका-१ स्थित पूर्व-पश्चिम लोकमार्गको कल्भर्ट मुनि जमेको पानीमा ती महिलाको शव फेला परेको प्रहरीले जानकारी दिएको छ।



प्रहरीका अनुसार मृतक महिलाको उमेर करिब ४० वर्ष अनुमान गरिएको छ र अहिलेसम्म उनको पहिचान खुलेको छैन। शव वर्षाको पानीमा डुबेको अवस्थामा कल्भर्ट मुनि फेला परेको थियो। घटनास्थलमा उपस्थित स्थानीयहरूले शव देखेपछि प्रहरीलाई जानकारी दिएका थिए।

स्थानीय बासिन्दाहरूका अनुसार मृतक महिला पहाडे मूलकी जस्ती देखिन्थिन् र केही समयदेखि बर्दिबास क्षेत्रमा मागीखाँदै हिँड्ने गरेकी थिइन्।

इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी विकास बमले घटनास्थलको मुचुल्का तयार गरी शव पोस्टमार्टमका लागि बर्दिबास अस्पताल पठाइएको जानकारी दिनुभयो। उहाँले घटनाको थप विवरण र वास्तविकता बुझ्ने कार्य भइरहेको समेत जनाउनुभयो।

प्रहरीले घटनाबारे अनुसन्धान जारी राखेको छ र मृतकको पहिचान तथा मृत्युको कारण पत्ता लगाउने प्रयास भइरहेको छ।

# दुई दशकको संघर्षपछि भूमिका श्रेष्ठ संसद्मा: अल्पसंख्यक अधिकारको आवाज अब नीति निर्माणमा

७ चैत्र, काठमाडौं –

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकारका लागि लामो समयदेखि संघर्ष गर्दै आएकी भूमिका श्रेष्ठ अब संघीय संसद्मा पुगेकी छन्। सडक आन्दोलनबाट सुरु भएको उनको यात्रा अब नीति निर्माण तहसम्म पुगेको छ।



रास्वपाबाट समानुपातिक प्रणालीमार्फत निर्वाचित श्रेष्ठले समाजमा विभेद, अपहेलना र असमानताविरुद्ध निरन्तर आवाज उठाउँदै आएकी थिइन्। उनले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई समान नागरिकका रूपमा स्वीकार गर्नुपर्ने माग गर्दै लामो समयदेखि अभियान चलाएकी हुन्।

सांसद बनेपछि उनले अब अधिकारको मुद्दा सदनबाट उठाउने बताएकी छन्। "संविधानमा व्यवस्था भएका अधिकार व्यवहारमा लागू हुन सकेका छैनन्, त्यसलाई कार्यान्वयनमा लैजानु मेरो प्राथमिकता हुनेछ," उनले भनिन्। नागरिकता, शिक्षा, स्वास्थ्य र वैवाहिक समानताजस्ता विषयमा स्पष्ट कानुनी व्यवस्था आवश्यक रहेको उनको धारणा छ।

श्रेष्ठले आफ्नो भूमिका केवल एक समुदायमा सीमित नरहने बताउँदै मधेशी, मुस्लिम, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत वर्गका मुद्दा पनि उठाउने प्रतिबद्धता व्यक्त गरेकी छन्।

नेपालको संसदीय इतिहासमा उनको प्रवेशलाई समावेशी प्रतिनिधित्वको सशक्त संकेतका रूपमा हेरिएको छ। यसअघि सुनिलबाबु पन्त ले संविधानसभामा प्रतिनिधित्व गरेपछि सुरु भएको यो यात्रालाई भूमिका श्रेष्ठले नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ।

## नतिजा...

देखिएको छ। "पैसामा सजिलै लाइसेन्स पाइन्छ" भन्ने धारणा फैलिएपछि यो कार्यालय 'लाइसेन्स किनबेचको केन्द्र' जस्तै बनेको आरोप लागिरहेको छ।

सेवाग्राहीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग को ध्यानाकर्षण गराउँदै मुख्य प्रश्न उठाएका छन्–
ट्रायल सकिएको चौथो दिनसम्म पनि किन नतिजा सार्वजनिक भएन?
कति जनालाई फर्जी रूपमा पास गरियो?
सीसीटीभी फुटेज र ट्रायल विवरण किन सार्वजनिक गरिँदैन?

स्थानीयहरूले तत्काल छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन्। अन्यथा, यस्तो प्रवृत्तिले न केवल प्रशासनप्रति जनविश्वास घटाउने, बरु सडक सुरक्षामा गम्भीर संकट निम्त्याउने चेतावनी समेत दिएका छन्।